श्री ५ को सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय

## सडक छेउमा पेट्रोल, डिजल तथा एल.पि.जि. ग्यास फिलिङ्ग स्टेशन स्थापनाका लागि मापदण्ड-२०६२
(पहिलो संशोधन)

श्री ५ ... भौतिक योजना तथा निर्माण
२०५७

**पृष्ठभूमि :**

नेपाल अधिराज्यमा अधिकांश सवारी साधनहरुले इन्धनको रुपमा प्रयोग गर्ने पेट्रोल तथा डिजलको खपत बढ्दै गएको परिप्रेक्षमा त्यस्तो इन्धन बिक्री गर्ने केन्द्र स्थापना गर्ने अनुमतिका लागि माग पनि बढिरहेको छ । त्यस्तै गरि हालका वर्षहरुमा एल.पि.जि. ग्यास प्रयोग हुनेसवारी साधनहरुको संख्या पनि बढ्दै गरेकोले तिनका लागि आवश्यक पर्ने फिलिङ्ग स्टेशनहरु पनि स्थापना हुँदै जाने देखिन्छ । यसरी फिलिंग स्टेशनहरु बढ्दै जांदा तिनले दिने सेवाको गुणस्तरमा पनि सुधार गर्दै लैजान आवश्यक हुन्छ । नयाँ निर्माण हुने सडकको हकमा विस्तृत इन्जिनीयरिङ्ग डिजाइन गर्ने बखतमा नै कहाँ र कसरी पेट्रोल, डिजल र एल.पि.जि. फिलिङ्ग स्टेशन लगायत अन्य सेवाहरु आवद्ध गरी स्थापना गर्न सकिन्छ यकिन गरी राख्न सम्बन्धित सडक योजनाले ध्यान दिन वान्छनिय हुन्छ ।

हाललाई फिलिंग स्टेशनमा शौचालय, प्राथमिक उपचारको व्यवस्था तथा पानीको व्यवस्था गर्ने तथा भविष्यमा फिलिंग स्टेशनहरुलाई सर्भिस स्टेशनको रुपमा चमेना गृह, मर्मत केन्द्र तथा स्नान गृह सहितको व्यवस्था गरांउने उद्देश्य यस मापदण्डले लिएको छ ।

फिलिंग स्टेशनको नमूना ले-आउट नक्शा उदाहरणका लागि यस मापदण्डको अनुसूची १ मा रहेको छ । त्यस्तै अनुसुची २ मा विभिन्न किसिमका सडक चोकबाट फिलिंग स्टेशनको दूरी देखाइएको छ । अनुसूची ३ मा फिलिंग स्टेशनको प्रस्ताव यस यस मापदण्ड अनुरुप भएको बारे जांच गर्न एक चेक लिष्ट रहेको छ ।

प्रचलित व्यवस्था अनुसार सडक विभागले फिलिङ्ग स्टेशन जाने प्रवेश मार्गका सम्वन्धमा, ट्राफिक प्रहरी कार्यालयले फिलिङ्ग स्टेशनवाट मूल सडकमा आवागमनमा पर्न सक्ने असरका सम्वन्धमा र सम्वन्धित वडा कार्यालयले वरिपरिका वासिन्दालाइ पर्न सक्ने असरका सम्वन्धमा जानकारी उपलव्ध गराएपछि नेपाल आयल निगमले आफ्नो छुट्टै मापदण्ड अनुसार पुनः छानविन गरेर मात्र सवारी साधनहरुकालागि पेट्रोल, डिजल वा एल.पि.जि. ग्यास विक्री गर्ने फिलिङ्ग स्टेशन स्थापना गर्न अनुमति पत्र जारी गर्ने गरेकोमा स्थानीय निकायहरु अन्तर्गतका सडकहरुका हकमा आइन्दा जिल्ला प्राविधिक कार्यालयहरुवाट कार्यवाही हुने गरी त्यस्ता निकायहरुको जिम्मेवारी समेत स्पष्ट गरिएको छ । अनुमति पत्र प्रदान गरिने कार्यलाई सरलिकरण गर्न तथा मापदण्डलाई समयानुकूल वनाउन नेपाल आयल निगम, ट्राफिक प्रहरी, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र सडक विभागको संयुक्त प्रयासमा प्रत्येक दुई वर्ष पछि मापदण्डलाई अध्यावधिक गरिने छ ।

यो मापदण्ड हाललाई सडक विभाग र स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको नर्मसको रुपमा लागू हुनेछ ।

पेट्रोल तथा डिजल फिलिङ्ग स्टेशन स्थापनाका सन्दर्भमा सार्वजनिक हितका लागि तपसिलका कुराहरु महत्वपूर्ण हुन्छन् :

- इन्धनका उपभोक्ताको सुविधा ।
- फिलिङ्ग स्टेशनमा तेल वा ग्यास खन्याउन र भर्न जाने तथा वाहिर आउने सवारी साधनहरुले गर्दा मूल सडकमा हुन सक्ने ट्राफिक अवरोधको र थप सडक दुर्घटनाका संभावनाको न्यूनिकरण ।
- फिलिङ्ग स्टेशनमा तेल वा ग्यास खन्याउन र भर्न जाने तथा वाहिर जान खोज्ने सवारी साधनहरुको फिलिङ्ग स्टेशन परिसर र त्यहाँ जाने प्रवेश मार्ग भित्र आवागमनमा सरलीकरण ।
- फिलिङ्ग स्टेशनमा आगालागी वा अन्य कुनै दुर्घटना भएमा तुरुन्त बाहिरीने र उद्धार कार्यलाई सहयोग ।

- नयाँ बन्ने फिलिङ्ग स्टेशनको कारणले उक्त ठाउँमा हुन सक्ने सडक बिग्रिने, ढलको क्षमतामा घटाउने र हेर्दा नराम्रो लाग्ने अवस्थाको न्यूनिकरण ।

मापदण्डका शर्तहरु :

एक आपसको दूरी

१) फिलिङ्ग स्टेशनहरुको एक आपसको दूरी कम्तिमा ३०० मी. हुनुपर्नेछ ।

२) यदि दुई वा दुई भन्दा बढी फिलिङ्ग स्टेशनहरु अथवा एल.पि.जि. फिलिङ्ग स्टेशन र पेट्रोल तथा डिजल फिलिङ्ग स्टेशन एक आपसबाट ३०० मीटर भित्रै स्थापना गर्नु परेमा तिनीहरुलाई छुट्टाछुट्टै प्रवेश मार्ग उपलब्ध गराइने छैन । यस्तो अवस्थामा उपयुक्त चौडाईको एक समानान्तर सेवा मार्गको निर्माण गरी एकिकृत रुपमा फिलिङ्ग स्टेशनहरु राख्नु पर्नेछ । सेवा मार्ग निर्माण गर्दा लाग्ने खर्च सम्बन्धित नयाँ फिलिङ्ग स्टेशन राख्न चाहने पक्षले नै ब्यहोर्नु पर्नेछ ।

३) बुँदा २० र २१ मा उल्लेखित किसिमको फिलिङ्ग स्टेशन रहेको ठाउँ संगै नयाँ फिलिङ्ग स्टेशन स्थापना गर्नु पर्दा भने बुँदा १ उल्लेख भए अनुसारको न्यूनतम दूरी र बुँदा २ मा उल्लेख भए अनुसारको समानान्तर सेवा मार्ग आवश्यक पर्ने छैन ।

सडक चोक बाट दूरी

४) मूल सडक बाट कुनै बन्द शाखा सडक गएको अवस्थामा त्यस्तो शाखा सडकको लम्बाई १०० मिटर सम्म भएको र प्रस्तावित फिलिङ स्टेशन मूल सडकमा रहने भएमा सडक चोकबाट कुनै निश्चित दूरीमा हुन आवश्यक छैन ।

५) सामरिक महत्वको एउटा सडक संग सामरिक महत्वको अर्को सडक वा सामरिक महत्वको शहरी सडक वा २ लेनको कालोपत्रे सडक काटिएर वनेको चोकको ३०० मिटर भित्र त्यसरी काटिने कुनै पनि सडकमा फिलिङ स्टेशन राख्न दिइने छैन ।

६.क) एउटा सामरिक महत्वको शहरी सडक संग सामरिक महत्वको अर्को शहरी सडक वा क्लास "ए" ग्रामिण सडक वा २ लेनको कालोपत्रे सडक काटिएर वनेको चोकको २०० मिटर भित्र त्यसरी काटिने कुनै पनि सडकमा फिलिङ स्टेशन राख्न दिइने छैन ।

६.ख) सामरिक महत्वको सडक वा सामरिक महत्वको शहरी सडक वा क्लास "ए" ग्रामिण सडकसंग कित्ता नापी नक्शामा देखिने २ लेन भन्दा कमका कालोपत्रे सडक वा क्लास "वि" ग्रामिण सडक काटिएर वनेको चोकको १०० मिटर भित्र त्यसरी काटिने कुनै पनि सडकमा फिलिङ स्टेशन राख्न दिइने छैन ।

६.ग) सामरिक महत्वको सडक वा सामरिक महत्वको शहरी सडक वा क्लास "ए" ग्रामीण सडकसंग कित्ता नापी नक्शामा नदेखिने २ लेन भन्दा कमका कालोपत्रे सडक वा स्थानीय माटे वा ग्राभल वा कालोपत्रे सडक काटिएर वनेको चोकको ५० मिटर भित्र त्यसरी काटिने कुनै पनि सडकमा फिलिङ स्टेशन राख्न दिइने छैन ।

६.घ) क्लास "वि" ग्रामीण सडक वा कित्ता नापी नक्शामा नदेखिने २ लेन भन्दा कमका कालोपत्रे सडक वा स्थानीय माटे वा ग्राभल वा कालोपत्रे सडकहरु एक अर्को संग काटिएर वनेको चोकको ५० मिटर भित्र त्यसरी काटिने कुनै पनि सडकमा फिलिङ स्टेशन राख्न दिइने छैन ।

सार्वजनिक सडकवाट दूरी

७) फिलिङ्ग स्टेशनलाई मूल सडकबाट अलग्गै राख्न सडक सिमा बाहिर प्रवेश मार्गहरु छाडि बाँकि लम्वाइ पुरै ढाक्ने गरि एउटा २ मीटर चौडा र ५० से.मि. अग्लो चौतारो निर्माण गर्नु पर्नेछ । उक्त चौतारोमा फिलिङ्ग स्टेशन जनाउने ट्राफिक चिन्ह र होचा फूलविरुवा बाहेक स्ट्रक्चरहरु तथा विज्ञापन पाटीहरु राख्न पाइने छैन ।

८) सडक संरचना देखि चौतारासम्मको सडक सिमाभित्रको भागलाई सडक विभागलाई आवश्यक नपरेको समयसम्म फूल विरुवा लगाई जगेर्ना गर्ने जिम्मेवारी पनि फिलिंग स्टेशन राख्न चाहने पक्षको हुनेछ ।

९) फिलिङ्ग स्टेशन भित्रको पार्किङ्ग क्षेत्र, स्टोरेज टैंक, कार्यालय, फ्यूल डिस्पेन्सर इत्यादि सो सार्वजनिक सडकको लागि तोकिएको सडक-सिमा तथा तोकिए वमोजिमको निषेधित क्षेत्र भन्दा वाहिर हुनुपर्ने छ ।

१०) सडक सीमाना नतोकिएको सडक भए मौजुदा सडकको नालीको बाहिरी किनारा देखि कम्तिमा ६ मीटर तथा तोकिए वमोजिमको निषेधित क्षेत्र वाहिर पार्किङ्ग क्षेत्र, स्टोरेज टैंक, कार्यालय, फ्यूल डिस्पेन्सर इत्यादि संरचनाहरु हुनु पर्नेछ ।

११) सडक र फिलिङ्ग स्टेशन विच घर वा अन्य स्ट्रक्चर पर्ने भएमा बुँदा ७ अनुसारको चौतारो आवश्यक पर्ने छैन ।

अन्य आवश्यक दूरीहरु

१२) फिलिङ्ग स्टेशनमा आउने र त्यहाँबाट बाहिर निस्कने गाडीहरुलाई मूल सडकमा आवागमन गरिरहेका गाडीहरुले सो सडककालागि सुरक्षित रुपमा रोक्न सकिने दूरी वाट सजिलैसँग देख्ने हुनु पर्नेछ ।

१३) स्थाई तगारो वा जाँच चौकिको दुवै तर्फ ३०० मिटर सम्म फिलिङ्ग स्टेशन राख्न दिइने छैन ।

१४) पुलको दुवै तर्फ २०० मिटर सम्म फिलिङ्ग स्टेशन राख्न दिइने छैन ।

१५) सुरक्षित रुपमा रोक्न सकिने दूरी १२० मिटर भन्दा कम भएको सडक खण्डमा फिलिङ्ग स्टेशन राख्न दिइने छैन ।

१६) फिलिङ्ग स्टेशन परिशर भित्र उच्च क्षमताको विद्युत ट्रान्सफरमर हुनु हुँदैन ।

भू-उपयोग

१७) महानगरपालिका वा नगरपालिका वा नगर विकास समितिहरुले व्याख्या गरे बमोजिमका आवासीय क्षेत्रमा नयाँ फिलिङ्ग स्टेशन राख्न दिइने छैन ।

१८) पुरातत्व विभागले व्याख्या गरे बमोजिमका पुरातात्विक क्षेत्र र स्मारक स्थलमा नयाँ फिलिङ्ग स्टेशन राख्न दिइने छैन ।

१९) चक्रपथको वा राजमार्गको सेवा मार्ग वाट निजि प्रवेश मार्ग बनाई फिलिङ्ग स्टेशन स्थापना गर्न दिइने छ ।

२०) श्री ५ को सरकारले औद्योगिक क्षेत्र भनि तोकेको क्षेत्र भित्र फिलिङ्ग स्टेशन स्थापना गर्न दिन सकिने छ ।

२१) कुनै सरकारी तथा संगठित गैर-सरकारि निकायले इन्धन विक्री गर्ने उद्देश्य नराखि, आफ्नै प्रयोजनका सवारी साधनहरुकालागि मात्र फिलिङ्ग स्टेशन राख्न चाहेमा स्विकृति दिन सकिने छ ।

प्रवेश मार्ग

२२) फिलिङ्ग स्टेशनसम्म जाने र त्यहाँ वाट बाहिर आउने प्रत्तेक प्रवेश मार्गको चौडाई ६ मी. हुनु पर्नेछ ।

२३) प्रवेश मार्गहरु फिलिङ्ग स्टेशन रहने जग्गाको लम्वाई पट्टी हुनु पर्ने छ ।

२४) यथाशक्य समतल भएको स्थानमा मात्र फिलिङ्ग स्टेशन राख्न दिइने छ तापनि पहाडी क्षेत्रमा ५ प्रतिशत सम्म ग्रेडियण्ट रहेको सडकमा फिलिङ्ग स्टेशन राख्न दिइने छ ।

२५) मूल सडकमा प्रवेश मार्ग जोडिने मोडहरुको अर्धव्यास ३० र १२ मीटरका बीच हुनु पर्नेछ ।

२६) मुल सडकवाट फिलिङ्ग स्टेशनमा आउने र त्यहाँबाट बाहिर निस्कने प्रवेश मार्गको मुखमा गाडीहरुलाई निर्देशन दिन "भित्र" र "बाहिर" लेखिएका निर्देशक पाटीहरु राखिनु पर्दछ र ती निर्देशनहरुको पालना गराईनु पर्दछ ।

२७) बुँदा १९ र २० मा उल्लेखित प्रकारको फिलिङ्ग स्टेशनका लागि साविककै प्रवेशमार्ग प्रयोगमा ल्याउनु पर्ने छ, नयाँ प्रवेशमार्गहरु वनाउन दिइने छैन ।

२८) यदि फिलिङ्ग स्टेशन रहने कित्तावाट हुँदै अन्य कुनै कित्तामा जाने वाटो छ भने त्यस्तो वाटो बन्द गर्न पाइने छैन ।

ढलको व्यवस्था

२९) फिलिंग स्टेशन परिसर भरि कालोपत्रे वा कंक्रिट गरी सतह सुधार गर्नु पर्नेछ ।

३०) फिलिंग स्टेशन परिसरबाट बाहिर निकास हुने पानीबाट पेट्रोलियम पदार्थ छान्ने व्यवस्था मिलाएर मात्र नजिकको नालीमा खस्ने ब्यवस्था मिलाउनु पर्नेछ । फिलिङ्ग स्टेशन परिसरको पानी सिधै मूल सडकमा बग्न दिइने छैन ।

३१) मूल सडकको छेउमा निर्माण गरिएको नालीलाई पुरेर प्रवेश मार्ग खोल्न दिइने छैन । फिलिङ्ग स्टेशन राख्न चाहने पक्षले आफ्नो खर्चबाट सडकको छेउको नाली माथि उपयुक्त साइजको कल्भर्ट निर्माण गर्नु पर्नेछ । नाली, ढल, कल्भर्टको डिजाइन सम्बन्धित सडक कार्यालय वा जिल्ला प्राविधिक कार्यालयबाट स्वीकृत हुनु पर्नेछ ।

आवश्यक अन्य पूर्वाधार

३२) फिलिंग स्टेशन परिसर भित्र महिला र पुरुषका लागि छुट्टाछुट्टै हुने गरि चारवटा पानीको व्यवस्था समेत भएको शौचालय हुनु पर्नेछ ।

३३) प्राथमिक उपचारका लागि आवश्यक सामाग्रीहरु सवैले देख्ने ठाउंमा निरन्तर रुपमा उपलब्ध हुने व्यवस्था मिलाइनू पर्नेछ । टेलिफोन एवं विद्युत सेवा रहेको क्षेत्र भएमा (२ कि.मी. रेडियसको क्षेत्र भित्र) उपभोक्तालाई टेलिफोन एवं विद्युत सेवा प्रदान गर्नु पर्नेछ ।

जग्गाको नाप

३४) फिलिङ्ग स्टेशन रहने जग्गाको लम्बाई सामरिक महत्वको राष्ट्रिय सडक सञ्जाल (राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग) तथा सामरिक महत्वको शहरी सडकको हकमा ४० मीटर तथा अन्य सडकको हकमा ३० मिटर हुनु पर्नेछ ।

३५) फिलिङ्ग स्टेशन रहने जग्गाको चौडाई सामरिक महत्वको राष्ट्रिय सडक सञ्जाल (राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग) तथा सामरिक महत्वको शहरी सडकको हकमा १७ मीटर तथा अन्य सडकको हकमा १५ मिटर हुनु पर्नेछ ।

३६) गाडी सर्भिसिङ्ग गर्ने, हावा भर्ने, पार्किङ्ग गर्ने, शौचालय, चमेना गृह, पसल जस्ता अन्य सेवाका लागि थप जग्गा आवश्यक पर्नेछ ।

विषेशाधिकार

३७) २०५४ को मापदण्ड लागू हुनु भन्दा अघि स्थापना भएका फिलिंग स्टेशनहरुको हकमा स्टोरेज ट्यांक, फ्युल डिस्पेन्सर लगायतका संरचनाहरु तोकिएको सडक सीमा भित्र परेका वा सडक सीमा नतोकिएको सडकको नालीको वाहिरी किनारा देखि ६ मिटरको क्षेत्रभित्र परेको पाइएमा ती फिलिङ स्टेशनहरुलाई तेल, ग्यास वा विद्युत आपूर्ति नगर्न सम्बन्धित निकायलाई अनुरोध गरिनेछ ।

३८) २०५४ को मापदण्ड लागू भएपछि स्थापना भएका फिलिंग स्टेशनहरु सो मापदण्डका शर्तहरु विपरित भएको पाइएमा विना सूचना सडक विभाग वा जिल्ला प्राविधिक कार्यालयबाट भत्काइ हटाइने छ र

त्यसरी भत्काइ हटाउन लाग्ने खर्चको सम्पूर्ण रकम सम्बन्धित व्यक्ति वा संस्थाबाट भराई लिन सकिनेछ ।

३९) मौजुदा सबै फिलिंग स्टेशनहरुले यस मापदण्ड अनुसार आफ्नो सेवा प्रदाय गर्ने क्षमतामा बृद्धि गर्न २ वर्ष भित्र बुँदा ७ देखि ३६ सम्मका प्रावधानहरु पुरा गर्नु पर्ने छ ।

४०) बुंदा ३८ र ३९ का प्रावधानहरु बारे नेपाल आयल निगम, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र सडक विभाग सहितको तोकिएको समितिले प्रत्येक वर्ष अनुगमन गर्नेछ ।

स्वीकृति दिने प्रकृया :

४१) फिलिङ्ग स्टेशन स्थापना गर्न चाहने पक्षले स्थानीय निकाय अन्तर्गतको सडक भएमा सम्बन्धित जिल्ला प्राविधिक कार्यालयमा निवेदन दिनुपर्नेछ । सामरिक महत्वको सडक वा सामरिक महत्वको शहरी सडक वा यस्ता सडकमा बुँदा ४ मा उल्लेखित प्रकारको बन्द सडकले काटेर बन्ने चोकमा फिलिङ्ग स्टेशन स्थापना गर्ने भएमा सम्बन्धित डिभिजन सडक कार्यालयमा निवेदन दिनुपर्नेछ । निवेदनमा निम्न विवरण खोल्न आवश्यक हुनेछ :

क) १:५०० स्केलमा प्रस्तावित ठाउँको २०० मीटर वरिपरिको निम्न विवरण खुल्ने नक्सा :

- पिच, ड्रेन, सोल्जर, पेटी, फर्मेशन जस्ता सडकका विवरणहरु,
- पुल, कल्भर्ट, टेवा पर्खाल र अन्य स्ट्रक्चरहरु,
- घर, पर्खाल, खम्बा, हाइटेन्सन तार र रुख
- प्रस्तावित फिलिङ्ग स्टेशनको प्रवेश मार्गहरु, इन्धन राख्ने ट्यांक, डिस्पेन्सर, विक्री कक्ष, शौचालय इत्यादि,
- नजिकका अन्य फिलिङ्ग स्टेशनहरु ।

ख) फिलिङ्ग स्टेशन राख्न प्रस्तावित जग्गा र प्रवेश मार्गको लेभल थप वा घट गर्नुपर्ने भए त्यसको विवरण खुल्ने नक्सा ।

ग) जग्गाको कित्ता नम्वर खुल्ने नापी विभागको नक्सा ।

घ) जग्गाको स्वामित्व खुल्ने कागज पत्र ।

ङ) जग्गाको स्वामित्व निवेदकको नभई अन्य कसैको भए कम्तिमा १० बर्षको जग्गा भाडामा दिने अधिकृत करार पत्र ।

च) नयाँ फिलिङ्ग स्टेशनका कारण गर्नुपर्ने थप यातायात व्यवस्थापनको कार्य सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको क्षमता भित्र पर्ने आशयको उक्त ट्राफिक प्रहरी कार्यालयको पत्र ।

छ) प्रस्तावित जग्गा र प्रस्तावित प्रवेश मार्गको प्रयोग फिलिङ्ग स्टेशनले गरेमा कुनै आपत्ति नहुने आशयको सम्बन्धित वडा कार्यालय(हरु) लाई कुनै आपत्ति नहुने वारे पत्र(हरु) ।

४२) प्राप्त निवेदन र त्यसका साथ प्राप्त विवरण बारे छानवीन गरी फाइल उठाई डिभिजन सडक कार्यालयले भए सम्बन्धित क्षेत्रीय सडक निर्देशनालयमा र जिल्ला प्राविधिक कार्यालयले भए स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागमा पठाउने छ ।

४३) सम्बन्धित क्षेत्रीय सडक निर्देशानलयले वा पूर्वाधार विकास तथा कृषि सडक विभागले आवश्यक परेमा ट्राफिक व्यवस्थापनमा पर्न सक्ने असर वारे सम्वन्धित ट्राफिक प्रहरी कार्यालय संग राय लिन सक्नेछ । सम्बन्धित क्षेत्रीय सडक निर्देशानलयले भने प्राविधिक पक्ष बारे आवश्यक ठानेमा मार्ग निर्देशनका लागि फाइल सडक विभागमा समेत पठाउन सक्नेछ ।

४४) छानविन पश्चात सम्बन्धित क्षेत्रीय सडक निर्देशानलयले वा पूर्वाधार विकास तथा कृषि सडक विभागले फिलिङ्ग स्टेशन राख्न चाहने पक्षलाई बुँदा २, ७, ८, ९, १०, २२, २४, २५, २६, २९, ३०, ३१, ३२ र ३३ मा उल्लेखित आवश्यक निर्माण कार्य गर्न सशर्त प्रारम्भिक स्वीकृति दिन सक्नेछ । यस्तो प्रकारको प्रारम्भिक स्वीकृति सम्बन्धित डिभिजन सडक कार्यालय वा जिल्ला प्राविधिक कार्यालय मार्फत मात्र प्रदान गरिने छ ।


४५) फिलिङ्ग स्टेशन राख्न चाहने पक्षले बुँदा ४४ मा उल्लेखित प्रारम्भिक कार्यका लागि स्वीकृति पाएको १ बर्ष भित्र उक्त कार्य समाप्त गरी फिलिङ्ग स्टेशन सञ्चालन गर्नका लागि पुनः सम्बन्धित

डिभिजन सडक कार्यालय वा जिल्ला प्राविधिक कार्यालयमा निवेदन दिनु पर्नेछ । म्याद भित्र फिलिङ्ग स्टेशन स्थापना नगरेमा बुँदा ४१ अनुसारको प्रकृया अपनाउनु पर्ने छ ।

४६) सम्बन्धित डिभिजन सडक कार्यालय वा जिल्ला प्राविधिक कार्यालयले प्राप्त निवेदन र त्यसका साथ प्राप्त विवरण बारे छानवीन गरी फाइल उठाई सम्बन्धित क्षेत्रीय सडक निर्देशनालयमा वा पूर्वाधार विकास तथा कृषि सडक विभागमा पठाउने छ ।

४७) छानविन पश्चात् सम्बन्धित क्षेत्रीय सडक निर्देशनालयको सिफारिसमा सडक विभागले वा पूर्वाधार विकास तथा कृषि सडक विभागले फिलिङ्ग स्टेशन राख्न चाहने पक्षलाई उक्त स्टेशन सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ । यस्तो प्रकारको स्वीकृति सम्बन्धित डिभिजन सडक कार्यालय वा जिल्ला प्राविधिक कार्यालय मार्फत मात्र प्रदान गरिने छ ।

०६८/१२/२५




(Scale 2:1)

# Typical Layout of Fuelling Station

(Guidelines for Roadside Filling Stations for Petrol, Diesel, LPG and electric vehicles -2062)